# गौरीगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौरीगञ्ज, झापा
## १ नं. प्रदेश, नेपाल

पत्र संख्याः-२०७८/७९ मितिः २०७८/०७/३०

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७८/०७/३०

यस गौरीगञ्ज गाउँपालिकाको वडा कार्यालयहरुमा तपसिल बमोजिमका पदहरुमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| विज्ञापन नं. | पद, तह, सेवा | माग संख्या | उपलब्ध गराइने न्युनतम सेवा सुविधा /सेवा प्रकृति / कार्यक्षेत्र | दरखास्त दस्तुर | सेवा अवधि |
|---|---|---|---|---|---|
| १०/०७८/७९ | **सुपरीवेक्षक, पाँचौ** | १ | गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम तोकिएको स्केल अनुसार | रु.५००।- | अधिकतम ५ महिना |
| ११/०७८/७९ | **गणक, चौथो** | ६ | गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम तोकिएको स्केल अनुसार | रु.४००।- | अधिकतम ५ महिना |
| १२०७/८७/९ | **कार्यालय सहायक** | ६ | वडा कार्यालयहरुको कार्य, सेवा प्रवाह तथा प्रशासनिक व्यवस्थापन प्रविधि मैत्री र आर्थिक सुविधा सम्बन्धी मापदण्ड, २०७८ बमोजिम मासिक रु.२२,०००।- | रु.४००।- | का.पा. निर्णय बमोजिम |

१. **दरखास्त दिने स्थानः** - गौरीगञ्ज गाउँपालिकाको कार्यालय ,गौरीगञ्ज।

२. **दरखास्त दिने अन्तिम मितिः**- २०७८ साल मंसिर १४ गते कार्यालय समय भित्र ।

३. **दरखास्त दस्तुरः**- गाउँपालिकाको एन.आइ.सी एशिया बैंक, गौरीगञ्ज शाखा स्थित **ग १.१ आन्तरिक राजश्व खाता, गौरीगञ्ज** गाउँपालिकाको खाता नं. 0872050028409002 मा दरखास्त दस्तुर जम्मा गरी **भौचर आवेदन फाराम** साथ पेश गर्नुपर्नेछ ।

४. **छनौटको किसिमः- प्रारम्भिक योग्यताको सूची प्रकाशन, प्रयोगात्मक परीक्षा र अन्तर्वाता ।**

५. **आवश्यक न्यूनतम योग्यताः-**

| | |
|---|---|
| सुपरीवेक्षकको हकमाः- | १. १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा विज्ञान वा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित कम्प्युटर तालिम उत्तीर्ण । |
| गणकको हकमाः- | १. १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा 10+2 वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा विज्ञान वा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित कम्प्युटर तालिम उत्तीर्ण । |
| कम्प्युटर प्रविधि मैत्री कार्यालय सहायकको हकमाः- | १. १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ,<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र वा 10+2 वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड |

Web Site: www.gaurigunjmun.gov.np Phone: 023-412044 Email: cao.gauriganjmun@gmail.com

| | |
|---|---|
| | संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा विज्ञान वा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित कम्प्युटर तालिम उत्तीर्ण । |

६. **दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमका प्रतिलिपिहरुः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, तोकिएको न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभव खुल्ने कागजातहरु र पासपोर्ट साइजको फोटो २ प्रति

७. **काम गर्नुपर्ने स्थानः-** गौरीगञ्ज गाउँपालिका कार्यालयले तोकेको क्षेत्र तथा सम्झौतामा उल्लेख भए बमोजिम ।

८. विस्तृत जानकारीको लागि सम्पर्क नम्बर ९८५२६७०७९७, ९८६९२१७५७० मा सम्पर्क गरी जानकारी लिन सक्नुहुनेछ।

**नोटः** छनौट समितिले स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम छोटो सूचीमा समावेश भएका आवेदनकर्ताहरुलाई मात्र अन्तरवार्तामा सहभागी गराइनेछ ।

(सन्तोष श्रेष्ठ)

प्रमुख प्रशासकीय अधिकृत